भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, बागमती प्रदेश

भीमेश्वर नगरपालिका राजपत्र

नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ४ संख्या : ६ मिति: २०७७/१०/१०

भाग-१

# मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७

प्रमाणीकरण मिति : २०७७/१०/१०

**प्रस्तावना:**

मदिराको सेवनले जनस्वास्थ्यमा प्रतिकूल असर गर्ने र सोको कारणबाट बढ्दै गएको नसर्ने रोग, अशक्तता, हिंसा र मृत्युदर घटाउनका लागि नागरिकको स्वास्थ्य तथा सदाचारमा अभिवृद्धि गर्दै परिवारिक, सांस्कृतिक तथा सामाजिक र आर्थिक हित कायम राख्न आधारभूत स्वास्थ्य र सरसफाईको जिम्मेवारी नेपालको संविधानले स्थानीय सरकारलाई दिएको हुँदा मदिराको उत्पादन, बिक्री वितरण, निकासी पैठारी तथा हानिकारक सेवन कार्यलाई नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो ऐन तयार गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थलाई सम्झनु पर्दछ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य पदार्थ समेतलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) "उत्पादक" भन्नाले मदिरा तथा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग वा डिष्टीलरी वा घरेलु उत्पादनलाई समेत सम्झनु पर्छ ।

(घ) "इजाजतपत्र " भन्नाले दफा ६ को उपदफा (२) बमोजिम मदिरा उत्पादन, बिक्री-वितरण, निकासी र पैठारी गर्न वा मदिरा सेवन गराउने होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल र यस्तै प्रकृतिका आर्थिकोपार्जन गर्ने उद्देश्यले व्यवसाय सञ्चालन गर्न दिइएको इजाजतपत्र सम्झनु पर्छ ।

ङ) बजार अनुगमन अधिकृत भन्नाले स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७६ को अनुसार नियुक्त निरीक्षण अधिकृतलाई सम्झनु पर्दछ

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २:

## मदिरा उत्पादन, निकासी पैठारी, बिक्री वितरण र सेवन नियन्त्रण तथा नियमन

३. **मदिरा उत्पादन, निकासी पैठारी, बिक्री वितरण र सेवन गराउन इजाजत लिनुपर्नेः** (१) मदिराको उत्पादन, निकासी, पैठारी, बिक्री, वितरण गर्न वा मदिरा सेवन गराउने होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल वा यस्तै प्रकृतिको कार्य सञ्चालन गर्न तोकिए बमोजिमका निकायबाट इजाजत लिनु पर्ने छ ।

(२) कसैले पनि यस ऐन अर्न्तगत बनेको नियमावली वा ईजाजतपत्रमा निर्धारण गरिएको शर्त तथा अवस्थाको प्रतिकूल हुने गरी मदिराको उत्पादन, निकासी, पैठारी, बिक्री, वितरण गर्न वा मदिरा सेवन गराउने होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल सञ्चालन गर्न गराउन पाइने छैन ।

(३) कसैले पनि मदिराको स्थानीय वा घरेलु उत्पादन गर्न वा परिवारका सदस्य वाहेक अन्य व्यक्तिलाई सेवन गराउन पाइने छैन ।

तर उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि सांस्कृतिक प्रयोजनको लागि मात्र तोकिएबमोजिम अनुमति लिई तोकिएको परिमाणमा घरेलु मदिरा उत्पादन गर्न पाइने छ ।

४. **विशेष अवसर वा उत्सवमा मदिराको उत्पादन, बिक्रि वितरण गर्न अनुमति लिनु पर्ने** (१) कुनै खास सांस्कृतिक अवसर वा उत्सव हुने समय र स्थानमा यस ऐन बमोजिम मदिराको उत्पादन, विक्रि वितरण गर्नको लागि नगरपालिकाबाट बेग्लै अस्थायी अनुमतिपत्र लिनु पर्नेछ ।

५. **अनुमतिपत्रको लागि निवेदन दिने:** (१) मदिराको उत्पादन, निकासी, पैठारी, बिक्री तथा वितरण गर्न वा मदिरा सेवन गराउने होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर बुझाई तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा देहाय बमोजिमको विवरण समेत खुलाउनु पर्नेछः

(क) मदिरा उत्पादन गर्ने अनुमतिको लागि निवेदन दिएको भएमा उत्पादन गरिने स्थानको विवरण,

(ख) मदिराको थोक वा खुद्रा बिक्रेताको हकमा निजले खरिद गर्ने, सञ्चय गर्ने र विक्री वितरण गर्ने क्षेत्र वा स्थान,

(ग) संगठित संस्था भए मदिरा उत्पादनको लागि प्रचलित कानून बमोजिम कम्पनी दर्ता भएको प्रमाणपत्र तथा कम्पनीको प्रवन्धपत्र र नियमावली,

(घ) मदिरा सेवन गराउने होटेल, , रिजर्ट, बार, रेष्टुरेण्ट, पसल सञ्चालन गर्नको लागि त्यस्तो होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र,

(ङ) मदिरा सेवन गराउने होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल सञ्चालन गर्नको लागि प्रस्ताव पेश गरेको स्थानको आसपासमा अर्को मदिरा सेवन गराउने होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल भए नभएको जानकारी,

(च) मदिराको बिक्रि वितरणको थोक बिक्री (डिलर) सञ्चालनको लागि भए त्यस्तो डिलर सञ्चालन गर्न प्रस्ताव पेश गरेको स्थानको आसपासमा अर्को मदिरा बिक्रि गर्ने थोक बिक्रेता (डिलर) भए नभएको जानकारी हुने कागजात

(छ) विशेष अवसर वा उत्सवमा मदिराको उत्पादन,परिमाण, बिक्रि वितरण गर्ने भएमा सोको प्रयोजन, स्थान र समय उल्लेख गरिएको कागजात

ज) तोकिए बमोजिमका अन्य विवरण तथा कागजातहरुको प्रतिलिपि ।

६. **निवेदन उपर जाँचबुझ गरी अनुमतिपत्र दिने:** (१) दफा ५ बमोजिम प्राप्त निवेदन उपर निरीक्षण अधिकृतले जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखिएमा तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई मदिराको उत्पादन, निकासी वा पैठारी, मदिरा बिक्री, वितरण गर्न वा होटेल, लज, रिजर्ट, बार, रेष्टुरेण्ट, पसलमा मदिरा खुवाउन पाउने गरी तोकिएको ढाँचामा अस्थायी वा स्थायी इजाजतपत्र पत्र दिन सक्नेछ । यसरी इजाजत दिँदा संघीय र प्रदेश कानुनको भावना विपरित हुने गरी इजाजत पत्र प्रदान गरिने छैन ।

(३) उपदफा (२) बमोजिम इजाजत पत्र दिंदा तोकिएको अधिकारीले मदिराको उत्पादन, निकासी वा पैठारी गर्दा, मदिरा बिक्री वितरण वा होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसलमा मदिरा सेवन गराउदा पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्नुपर्नेछ ।

(४) मदिराको थोक बिक्रेताबाट तोकिएबमोजिमको दुरीमा पर्ने गरी इजाजत पत्र दिनु पर्नेछ

७. **अनुमतिपत्रको अवधि र नवीकरण** : (१) इजाजतपत्र एक आर्थिक वर्षको लागि मान्य हुनेछ।

(२) इजाजतपत्र नविकरण गराउन चाहने व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिमको अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै तोकिए बमोजिमको नवीकरण दस्तुर बुझाई तोकिएको अधिकारी समक्ष नवीकरणको लागि निवेदन दिई नविकरण गराउनु पर्नेछ। तोकिएको अधिकारीले बढीमा ७ दिन भित्र नविकरण गरिदिनु पर्ने छ।

८. **अनुमतिपत्र रद्द गर्न सक्ने** : इजाजतपत्र दिने अधिकारीले अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ :-

(क) दफा ७ बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा,

(ख) दफा ४ विपरीतको कुनै काम गरेमा, वा

(ग) अनुमतिपत्रमा तोकिएको शर्त उल्लङ्घन गरेमा।

९. **मदिराको उत्पादन, बिक्री वितरण र सेवन गराउनमा बन्देज** : (१) कसैले पनि प्लाष्टिकको वोत्तल वा पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन।

(२) कसैले पनि देहायको व्यक्ति वा समय वा स्थानमा मदिराको बिक्री वितरण गर्न वा सेवन गर्न गराउन हुँदैनः-

(क) अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न,

(ख) अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्न,

(ग) ग्राहकलाई मदिरा सेवन गराउँदा होस हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा सेवन गराउन,

(घ) मदिरासेवन गरी मातेका व्यक्तिलाई आफनो होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसलमा प्रवेश गराउन वा मदिरा बेच्न वा सेवन गराउन,

(ङ) मदिरा सेवनको असरलाई बिचार गरी मदिरा सेवन गर्न छाडिसकेका व्यक्तिलाई पुनः मदिरा सेवनको लागि उत्साहित गर्न,

(च) कानुन बमोजिम मदिराको बिक्रि वितरण गर्न निषेध गरेको होटेल, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल वा समय वा दिन वा स्थानमा मदिराको बिक्रि वितरण गर्न वा सेवन गराउन ।

(छ) तोकिए बमोजिमको अन्य अवस्थाहरुमा मदिराको बिक्रि वितरण गर्न वा सेवन गराउन।

१०. **मदिराको विक्रि वितरण र सेवन गराउने समयः** (१) यस ऐन बमोजिम मदिरा बिक्री वितरण गर्न खुद्रा र थोक बिक्रेताहरुले बेलुका पाँचबजे देखि राती दश बजेसम्म मात्र मदिराको बिक्री वितरण गर्न पाउनेछन।

(२) यस ऐन बमोजिम मदिरा सेवन गराउने अनुमतिपत्र पाएका होटेल, लज, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल र पसलको मालिकले बेलुका पाँच बजे भन्दा पहिले र राती दश बजे पछि आफनो होटेल, लज, बार, रेष्टुरेण्ट, पसलमा कसैलाई मदिरा बिक्री गर्न वा सेवन गराउन हुदैन।

(३) उपदफा (१) र (२) बमोजिम मदिरा सेवन गराउँदा होटेल, लज, बार, रेष्टुरेण्ट, पसलहरुको भित्री भागमा खुवाउने व्यवस्था गर्नु पर्नेछ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि पर्यटकस्तरको होटल वा लजमा रहेका ग्राहकलाई त्यस्तो होटल वा लजभित्रै सेवन गर्ने गराउने गरी सोही होटेल वा लजले मदिराको विक्रि वितरण गर्न यस दफाको कुनै व्यवस्थाले बाधा पुग्ने छैन ।

(६) माथि उल्लेखित समयमा मदिरा सेवन गरी बाहिर आएर भिड जम्मा गर्ने होहल्ला गरी समुदायलाई असर पार्न पाइने छैन ।

११. नगरपालिकाले मदिराको नियन्त्रण र व्यवस्थापनको लागि देहाय अनुसार जनचेतनामूलक कार्यक्रमहरु नियमित सञ्चालन गर्नु पर्ने छ ।

(क) मदिराको हानिकारक सेवन घटाउन समुदाय, विद्यालय स्तरसम्म जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) मदिराको हानिकारक सेवनलाई घटाउने तथा अवैध मदिराको नियन्त्रण तथा नियमन कार्यलाई प्रभावकारी ढङ्गले संचालन गर्न संचार माध्यमबाट सन्देश तथा सूचना प्रशारण तथा प्रकाशन गर्ने ।

## परिच्छेद ३

## मदिराको बिक्री वितरण र सेवन सम्बन्धी व्यवस्था

१२. **मदिराको विक्रि वितरण गर्न वा सेवन गराउन निषेध :**

१) विद्यालय, अस्पताल, मन्दिर वा सार्वजनिक महत्वका नेपाल सरकार, प्रदेश सरकार र भीमेश्वर नगरपालिकाले तोकेका कुनै पनि स्थान वा क्षेत्रभित्र मदिरा विक्रि वितरण गर्ने वा त्यस्ता स्थान वरिपरिका होटेल, लज, रिजर्ट, बार, रेष्टुरेण्ट, पसलमा पनि मदिरा सेवन गराउने कार्य गर्न पाइने छैन ।

(२) सरकारी तथा अर्धसरकारी निकाय, विद्यालय, अस्पतालको कुनै पनि स्थानमा मदिरा सेवन गरेर जान पाइने छैन ।

(३) नगरपालिकाले तोकेको हप्ताको कुनै एक दिन मदिरा बिक्री वितरण गर्न गराउन रोक लगाउन सक्ने छ ।

(४) मदिरा सेवन गराउने अनुमतिपत्र पाएका होटेल, लज, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल र पसलको मालिकले त्यस्तो होटेल, लज, रिजर्ट, बार, रेष्टुरेण्ट, पसल बाहिर सेवन गर्ने वा गराउने गरी मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

(५) मदिरा सेवन गरी समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झैझगडा गर्ने पाइने छैन

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ३ को उपदफा (४) बमोजिम धार्मिक र सांस्कृतिक प्रयोजनको लागि उत्पादित घरेलु मदिरा त्यस्तो सांस्कृतिक अवसरमा आमन्त्रित सहभागीहरुलाई तोकिएको परिमाण र क्षेत्रमा मात्र सेवन गराउन कुनै बाधा पर्नेछैन ।

## परिच्छेद ३ समिति सम्बन्धी व्यवस्था

### १३. मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी नगर स्तरीय समिति

नगरपालिका क्षेत्रमा मदिरा नियमन तथा व्यवस्थापन गर्न देहाय अनुसार सदस्य रहेको मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी नगर स्तरीय समिति रहनेछ ।

१. नगर प्रमुख - संयोजक

२. नगर उपप्रमुख - सह संयोजक

३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. वडा अध्यक्षहरु -सदस्य

५. जिल्ला प्रशासन कार्यालय अधिकृत प्रतिनिधि - सदस्य

६. स्थानीय प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि - सदस्य

७. मदिरा व्यवसायी मध्येबाट संयोजकले छनौट गरेको प्रतिनिधी - सदस्य

८. स्वास्थ्य शाखा संयोजक - सदस्य

९. नगर स्तरीय महिला संजालको अध्यक्ष - सदस्य

१०. नगर स्तरीय दलित सन्जालको अध्यक्ष वा प्रतिनिधि - सदस्य

११. नगरबाल सन्जालको अध्यक्ष - सदस्य

१२. अध्यक्ष दोलखा उद्योग वाणिज्य संघ - सदस्य

१३. स्थानीय बजार निरिक्षण अधिकृत - सदस्य सचिव

### १४. समितिको काम कर्तव्य र अधिकार

१. समितिले आफ्नो क्षेत्र भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको प्रयोगको अवस्था के कस्तो छ रहेको छ सोको अनुगमन गर्ने

२. मदिराको उपभोग र विक्रीवितरण सम्बन्धमा बनेको ऐनको परिपालिनाको अनुगमन गर्ने

३. मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक चौमासिक रुमपमा वडा स्तरीय समिति मार्फत सचेतनामूलक कार्यक्रम सन्चालन गर्ने ।

४. अवैध रुपमा हुने मदिराको उत्पादन तथा विक्रि वितरण नियन्त्रण एवम् नियन्त्रण गर्ने,

५. मदिरा नियमन तथा व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनेलाई प्रोत्साहन गर्ने ।

६. मदिराको कुलतमा लागेका व्यक्तिलाई पुर्नस्थापन कार्यमा सहजिकरण गर्ने

७. अनुगमन तथा खानतलासीबाट वा वडा स्तरीय समितिबाट यस ऐन विपरित कार्य गरेको भनी देखिएको वा सिफारिस भइ आएमा जाँचबुझ गरी तोकिए बमोजिम दण्ड जरिवाना गर्ने निर्णय गर्ने ।

८ मदिराको उत्पादन तथा प्रयोग न्यूनिकरणको लागि नगरपालिकाबाट नियमित रुपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

९. समितिबाट भएको कार्य प्रगती नगरसभामा पेश गर्ने ।

**१५. वडा स्तरीय समिति**

मदिरा नियमन तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा देहाय अनुसार सदस्य रहने गरी मदिरा नियमन तथा व्यवस्थापन सम्बन्धी वडा स्तरीय समिति रहनेछ :

१. वडा अध्यक्ष संयोजक

२. वडाप्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

३. वडा स्तरको स्वास्थ्य कार्यालयको प्रतिनिधि - सदस्य

४. वडा स्तरको महिला समुहमध्येबाट संयोजकले तोकेको प्रतिनिधि - सदस्य

५. वडा स्तरको बाल समुहको एक बालिका समेत २ जना प्रतिनिधि - सदस्य

६. वडा स्तरको विद्यालयको प्र.अ.मध्येबाट एक जना - सदस्य

७. महिला / दलित महिला सदस्य २ जना प्रतिनिधी - सदस्य

८. दलित वडा सञ्जालका तर्फबाट १ जना प्रतिनिधी - सदस्य

९. वडा कार्यालयको सचिव - सदस्य सचिव

**१६. समितिको काम कर्तव्य र अधिकार**

१. समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको अनुगमन गर्ने

२. मदिराको उपभोग र बिक्रीवितरण सम्बन्धमा बनेको ऐनको परिपालनाको अनुगमन गर्ने

३. मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

४. समितिबाट भएको कार्य प्रगती नगरपालिका स्तरीय मदिरा नियमन तथा व्यवस्थापन समितमा चौमासिक रुपमा पेश गर्ने ।

५. समुदायमा कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरि कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरि झैझगडा गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा वडा स्तरीय समितिले सिफारिस गरि पठाउन सक्ने छ ।

६. पटक पटक कानून विपरित कार्य गर्ने व्यक्तिको इजाजत पत्र नविकरण नगर्न, इजाजत पत्र रद्द गर्न, दण्ड जरिवना गर्न समेत नियमक निकायलाई सिफारिस गर्न सकिने छ ।

१७. **पुनरावेदन** : यस ऐन अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझ्ने पक्षले जरिवाना गरिएको ३५ दिन भित्र नगरपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

## परिच्छेद ४:
## अनुगमन, खानतलासी, जफती, गिरफ्तारी

१८. **अनुगमन तथा निरिक्षण:** (१) कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावलीको पालना गरे नगरेको सम्बन्धमा नगरपालिकाबाट जारी स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन २०७६ अनुसारको समिति वा संयुक्त अनुगमन समितिले प्रदेश कानुनको क्षेत्राधिकारको लागि प्रदेश स्तरबाट तोकिएको संरचना र संघीय कानुन अर्न्तगतको क्षेत्राधिकारको लागि संघीय कानुनले तोकेको संरचनाबाट निरिक्षण तथा अनुगमन गर्नेछ ।

१९. **मदिरा तथा अन्य सामानको जफत र बिक्री** : (१) कसैले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेको पाइएमा सो कार्यसँग सम्बन्धित मदिरा जफत हुनेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ । तोकिए बमोजिमका मापदण्ड पूरा नगरेका मदिरालाई नष्ट गर्नुपर्नेछ ।

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु जफत गरी तोकिए बमोजिम लिलाम बिक्री हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएको सवारी साधन यस ऐन विपरीत मदिराको कारोबार गर्ने व्यक्ति वा संस्थाको रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन । तर जानीजानी त्यस्तो सामान ओसार पसार गरेको पाइएमा तोकिए बमोजिम दण्ड जरिवाना बुझाउनु पर्नेछ ।

(५) उपदफा (१) र (२) बमोजिम लिलाम हुने मदिरा खरिद गरी लिन पनि यस ऐन बमोजिम अनुमति प्राप्त गरेका मदिराका थोक बिकेता हुनु पर्नेछ ।

२०. **खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्ने** : (१) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएकोछ भन्ने मनासिब माफिकको कारण देखिएमा तोकिएको अधिकारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा तोकिएको अधिकारीले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कार्य भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कार्यसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कार्य गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा तोकिएको अधिकारीले निजलाई गिरफ्तार गर्न सक्नेछ ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा तोकिएको अधिकारीलाई प्रचलित कानूनबमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

(६) तोकिएको अधिकारीले यस दफाबमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा सम्भव भएसम्म स्थानीय प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

(७) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२१. **गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्ने** : यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन चौबीस घण्टाभित्र छिटो साधनद्वारा आफूभन्दा एक तह माथिको अधिकारी समक्ष पठाउनु पर्नेछ ।

२२. . **स्थानीय सरकारलाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम कुनै व्यक्तिले स्थानीय सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखको पाइएमा त्यस्तो रकम निजबाट तोकिएको अधिकारीले सरकारी बाँकी सरह असूल उपर गर्नेछ ।

२३. यस ऐन बमोजिम सजाय हुने कार्य भएको छ भन्ने मनासिव मासिफको कारण देखिएमा वा वडास्तरीय समितिबाट सिफारिस भइ आएमा सोको जाँचबुझ गरी आवश्यक कारवाहीको लागि नगर स्तरीय समितिले आवश्यक प्रकृया अगाडि बढाउने छ ।

## परिच्छेद ४ दण्ड सजायँ सम्बन्धी व्यवस्था

### २४. दण्ड सजायँ सम्बन्धी व्यवस्था

(१) दफा ३ अनुसार मदिरा उत्पादन, निकासी पैठारी, बिक्री वितरण र सेवन गराउन इजाजत पत्र नलिई उक्त कार्य गरेको पाइएमा ५००० देखि १०००० सम्म जरिवाना गर्न सकिनेछ । त्यसैगरी विशेष अवसर वा उत्सवमा मदिराको बिक्रि वितरण गर्न अनुमति नलिई उत्पादन बिक्रि वितरण गरेमा पहिलो पटक १०००, दोस्रो पटक १५०० सो भन्दा बढी गरेमा प्रति पटक रु २००० जरिवाना लाग्ने छ । दफा ७ बमोजिम नविकरण नगरेमा नविकरण दस्तुरको दोव्वर जरिवाना तिर्नु पर्ने छ । दफा ९ अनुसार अन्य कार्य गरेमा पहिलो पटक १०००, दोस्रो पटक १५०० सो भन्दा बढी

गरेमा प्रति पटक रु २००० जरिवाना गरिने छ । दफा १२ अनुसार होहल्ला गरे ग़राएमा पहिलो पटक ५००, दोस्रो पटक १००० सो भन्दा बढी गरेमा प्रति पटक रु १५००, निशेधित क्षेत्रमा उत्पादन तथा बिक्रि वितरण गरेमा पहिलो पटक रु १००० दोस्रो पटक २००० सो भन्दा माथि भएमा पटकै पिच्छे ३००० रुपेया जरिवाना गरिने छ । गरिने छ ।

३) यसकार्यमा सहयोगी भई कार्य गर्नेलाई समेत योजनाकार वा विक्रि वितरण,उत्पादन र ओसार पसार गर्नेलाई हुने सजायको आधा सजाय गर्न सकिने छ ।

४) सार्वजनिक पद धारण गरेको व्यक्ति वा सरकारी कर्मचारीले मदिरा सेवन गरि सामाजिक रुपमा होहल्ला, गाली बेइज्जती जस्ता क्रियाकलाप गरेमा आम व्यक्तिलाई गर्ने सजायको दोब्बर सजायका साथै विभागीय कारवाहीका लागि सिफारिस समेत गर्न सकिनेछ ।

## परिच्छेद ५ विविध

२५. **सहयोग गर्नु पर्ने** : (१) यो ऐन र यस ऐन अन्तरगत बनेका नियमावलीहरु कार्यान्वयन, निरिक्षण र अनुगमनको सिलसिलामा आवश्यकता अनुसार स्थानीय प्रशासन तथा सुरक्षा निकायको सहयोग माग गर्न सकिनेछ ।

(२) उपदफा (२) बमोजिम सहयोग माग गरिएकोमा निरिक्षणमा आवश्यक सहयोग गर्नु सम्बन्धित स्थानीय प्रशासन तथा सुरक्षा निकायको कर्तव्य हुनेछ ।

(३) आफ्नो अधिकार क्षेत्र भित्र यस ऐन विपरित कुनै कार्य भएको महशुस भएमा नियमानुसार बजार निरीक्षण अधिकृतले आवश्यक अनुगमन, खानतलासी र सोधपुछ गरी आवश्यक कारवाही अगाडि बढाउन सक्नेछ ।

(४) यस ऐन अन्तर्गत सजाय हुने कार्यको जाँचबुझको सिलसिलामा तोकिएको अधिकारी वा निजबाट अधिकार पाएको अधिकारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ ।

(५) सुरक्षा सम्बन्धी कुनै निकाय वा कर्मचारीले कार्य स्थल वरिपरिका कुनै स्थानमा यस ऐन अन्तर्गत बनेका नियम विपरित कार्य वा व्यवहार भएको देखेमा त्यस्तो कार्य वा व्यवहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिई आफ्नो निकाय प्रमुख समक्ष पेश गर्न सहयोग गर्नु त्यस्ता सुरक्षा निकाय वा कर्मचारीको कर्तव्य हुनेछ ।

२६. **मुद्दा हेर्ने अधिकारी** : (१) यस ऐन अन्तर्गतको मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार न्यायिक समितलाई हुनेछ ।

२). उपदफा १ बमोजिम न्यायिक समितिबाट गरिएको निर्णयमा चित्त नबुझेमा सो उपर ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

२७. **उच्छृङ्खल व्यवहार र हिंसाजन्य क्रियाकलाप गर्न नपाईनेः** मदिरा सेवन गर्ने व्यक्तिले घरपरिवारका सदस्य, छरछिमेक र समाजमा नकारात्मक असर पर्ने गरी उच्छृङ्खल व्यवहार गर्ने वा घरपरिवारका सदस्यलाई कुटपिट गर्ने वा गाली गलौज गर्ने वा हिंसाजन्य कार्य गर्न पाइने छैन ।

२८. पीडित व्यक्ति वा परिवार वा मदिराजन्य स्वास्थ्य समस्या भएको व्यक्तिलाई विभेद गर्न नपाईनेः मदिरा सेवनको कारणले पीडित व्यक्ति वा परिवार वा मदिराजन्य स्वास्थ्य **समस्या भएका** व्यक्तिलाई परिवारका अन्य सदस्य वा छरछिमेक वा समाजले घृणा वा विभेद गर्न पाइने छैन ।

२९. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३०. बाधा अड्काउ फुकाउ : यस ऐनमा कुनै बाधा देखिएमा वा कानुनमा वाझिन गएमा नगरपालिकाले फुकाउन वा संसोधन गर्न सकिनेछ ।

३१. **खारेजी र बचाउ :**

यस ऐन अर्न्तगत भएका व्यवस्थाहरु, प्रदेश ऐन, संघीय ऐन बमोमि भएका व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिने छ । यस यस ऐन अर्न्तगत भएका व्यवस्थाहरु, प्रदेश ऐन, संघीय ऐनसँग बाझिएका दफाहरु स्वत अमान्य हुनेछ ।

आज्ञाले,
मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत